# बहुक्षेत्रीय पोषण योजना

## वार्षिक प्रगति विवरण

आ.व. २०७७/७८



## परोहा नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

लौकाहा, रौतहट

प्रदेश नं. २, नेपाल

# प्रतिवेदन पेश हुने निकाय

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय तह समन्वय शाखा, सिंहदरवार

र

प्रदेश नीति तथा योजना आयोग

प्रदेश नं. २, जनकपुरधाम, धनुषा

# प्रतिवेदन सारांश

करिव ३ करोड जनसंख्या भएको नेपालको लगभग आधा जनसंख्या कम उचाइँ भएको समतल तराईमा बसोबास गर्छन् भने ४३% पहाडमा र बाँकी ७% उत्तरी हिमाली भेगमा बस्दछन् । देशको जनसांख्यिक अवस्था हेर्दा, नेपालको ४० प्रतिशत जनसंख्या १८ वर्ष मुनिका बालबालिका छन् । नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण, २०१६ बमोजिम पाँच वर्ष मुनिका बालबालिकाहरु मध्ये ३६ प्रतिशत बालबालिकाहरुमा पुड्कोपन छ । यसका अतिरिक्त २७ प्रतिशत बालबालिकामा न्यून तौल र ९.७ प्रतिशतमा ख्याउटेपना र ५३ प्रतिशतमा रक्त अल्पता रहेको देखाएको छ । यसै गरि महिलामा ११ प्रतिशत कम उचाई, १७ प्रतिशत दुब्ला, ४१ प्रतिशतमा रक्त अल्पता रहेको छ । पाँच वर्ष मुनिका बालबालिकाको अधिक तौल तथा मोटोपना २.१ प्रतिशत रहेको छ । यसै गरी नेपाल राष्ट्रिय सुक्ष्म पोषकत्व सर्वेक्षण, २०१६ बमोजिम ३२ प्रतिशत किशोरकिशोरीहरुमा भोकमरीको जोखिमका कारण पुड्कोपना देखिएको छ । साथै २३ प्रतिशत किशोर र १४ प्रतिशत किशोरीमा दुब्लोपना देखिएको अवस्था छ । ५३ प्रतिशत बालबालिकाहरुको मृत्युको अप्रत्यक्ष कारण कुपोषण रहेको छ । विश्व पोषण प्रतिवेदन, २०१६ अनुसार पोषणमा गरिएको लगानीबाट १६ गुणासम्म प्रतिफल प्राप्त हुने र कुपोषण कै कारणले नेपाल जस्ता गरिब देशहरुमा कूल ग्राहस्थ उत्पादनमा ११ प्रतिशतसम्म नोक्सानी हुने अनुमान विश्व बैंकले गरेको छ ।

जीवनको एक प्रमुख आधार खाना हो । मानवका लागि खाना महत्त्वपूर्ण छ । खाना बिना मानव बाँच्नै सक्दैन । खाद्यान्नमा सबै नागरिकको पहुँच कसरी बढाउने, स्थानीय स्तरमा उपलब्ध स्रोतहरूको प्रयोग कसरी बढाउने, खाद्यान्न उत्पादन कसरी बढाउने, खाना पकाउँदा वा तयार गर्दा खानाको गुण तथा पोषक तत्त्वलाई कसरी नष्ट हुनबाट जोगाउने जस्ता ज्ञान र सीपहरू समुदायका सबै मानिससँग हुनु आवश्यक छ । यस प्रकारको ज्ञान नहुँदा कतिपय अवस्थामा खाद्य बस्तुको उत्पादन, सङ्कलन, सङ्ग्रह र तयार गर्ने क्रममा पोषण तत्त्वको नाश भइरहेको हुन्छ । खाद्यान्नको महत्त्व, प्रशोधन प्रक्रियाहरू, पोषणसँग सम्बद्ध स्वास्थ्य समस्याहरूको व्यवस्थापन, शिशु, बालबालिका, किशोरकिशोरीहरूको खानपानको व्यवहारमा सुधार आदि विषयमा किशोरकिशोरीहरूलाई जानकारी गराउन आवश्यक छ । त्यसैले किशोरकिशोरी, गर्भवती, सुत्केरीहरूमा यस सम्बन्धी ज्ञानको विकास गरी व्यवहारमा परिवर्तन ल्याउन मद्दत गर्नु नै बहुक्षेत्रीय पोषण योजनाको उद्देश्य हो ।

संदीप कुमार साह

मितिः २०७८ श्रावण २५ गते

रोजगार संयोजक

# विषयसूची


१. पृष्ठभूमि ........ 5

२. बहुक्षेत्रीय पोषण योजना, दोस्रोका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू ........ 5

३. यस आ.व.मा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन भएका भौगोलिक क्षेत्र (वार्ड र टोल) ........ 6

४. सुनौला हजार दिनका घरपरिवारको विवरण (वडागत) ........ 6

५. बजेट ........ 6

६. आ.ब. २०७७/७८ मा बहुक्षेत्रीय पोषण योजना अन्तरगत सञ्चालन भएका गतिविधिहरुको भौतिक प्रगति विवरण ........ 7

६.१ शासकीय प्रबन्ध अन्तर्गत सञ्चालित क्रियाकलापहरु ........ 7

६.१.२. वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक तथा क्रियाशिलता ........ 7

६.१.२ नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको बैठक तथा क्रियाशिलता अभिमुखिकरण ........ 7

६.१.३ पोषण भत्ता सदुपयोगको लागि स्याहारकर्तालाई अभिमुखीकरण ........ 9

६.२ महिला तथा बालबालिका क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरु ........ 10

६.२.१ किशोर किशोरीलाई पोषण, प्रजनन स्वास्थ्य सम्बन्धि अभिमुखीकरण ........ 10

६.२.२ किशोरीहरुलाई महिनावारी स्वच्छता, प्रजनन स्वास्थ्य तथा जीवन उपयोगी सीप तालिम ........ 12

६.३ खानेपानी तथा सरसफाई क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरु ........ 13

६.३.१ विद्यालयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्द्धन गर्न अभिमुखीकरण ........ 13

६.४ पशुपंक्षी विकास क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरु ........ 14

६.४.१ पशुजन्य उत्पादन विविधिकरण तालिम ........ 14

६.४.२ किशोरी तथा सुनौला हजार दिनको घरपरिवारका सदस्यहरुलाई पशुपंक्षीपालन सम्बन्धि तालिम ........ 15

६.५ कृषि विकास क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरु ........ 16

६.५.१ तरकारीको उन्नत बिउ विजन वितरण ........ 16

६.५.२ Food Composition Table प्रकाशन गरी किशोरी तथा सुनौला हजार दिनका परिवार लक्षित गरी वितरण ........ 17

६.६ शिक्षा क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरु ........ 18

६.६.१ कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुलाई जुकाको औषधी खुवाउने ........ 18

६.७ स्वास्थ्य क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरु ........ 18

६.७.१ पोषण सामग्री ढुवानी, ओटिसीको स्थापना वा सुदृढीकरण ........ 18

७. आ.व. २०७७/७८ मा बहुक्षेत्रीय पोषण योजना अन्तरगत वित्तीय प्रगति विवरण ........ 22

८. बहुक्षेत्रीय पोषण योजनाका क्रियाकलापहरुको समग्र स्थिति तथा विस्तृत मूल्यांकन, प्रगतिको सारांश ........ 25

९. मुख्य सिकाईहरु ........ 25

१०. फोटोहरु ........ 26

११. आगामी आ.व. का लागि कार्यक्रम ........ 36

१२. विद्यालय खानेपानी तथा सरसफाई कार्यक्रम ........ 38

## १. पृष्ठभूमि

हाल नेपालमा विद्यमान चरम गरिबी, बिपन्नता र पोषण सम्बन्धि आवश्यक ज्ञानका कमीले हाल सम्म पनि बिधिन्न किसिमका कुपोषणबाट हुने रोगहरुबाट ग्रसित रहेका छन। तसर्थ बिद्यमान यी सास्याहरु समाधानका लागि प्रजनन उमेर समुहका महिला, ५ बर्ष मुनिका बालबालिका र किशोर किशोरीहरुमा हुने सबै खालका कुपोषणहरु घटाउन नेपाल सरकारले पहिलो प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा बहुक्षेत्रीय पोषण योजना दोश्रो) कार्यन्वयनमा ल्याएको छ । कुपोषण घटाउन स्वास्थ्य, शिक्षा, कृषि तथा पशपंक्षी बिकास, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका तथा शासकीय प्रबन्ध जस्ता बिषयगत क्षेत्रहरुको भूमिकालाई यस योजनाले आत्मसात गरेको छ। यो योजना कार्यन्वयन गर्न संघ, प्रदेश र स्थानीय तहको एकिकृत र समन्वयात्मक भूमिका आवश्यक भए पनि कार्यक्रम कार्यन्वयनको भूमिका स्थानीय तहमा नै केन्द्रित रहेको छ। नेपाल सरकारको सशर्त कार्यक्रमका अतिरिक्त स्थानीय तहले षोषणका क्रियाकलापहरुलाई अपनत्व लिई थप लगानी गरी प्रभावकारी रुपमा कार्यन्यन गरी स्थानीय तहलाई कुपोषणबाट मुक्त बनाउन जरुरी छ। नेपाल सरकार, युरोपियन युनियनको सहयोगमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा सम्बन्धित जिल्ला समन्वय समितिको समन्वय र सहजीकरणमा हाल ३० जिल्लाका ३०८ स्थानीय तह मार्फत कार्यान्वयन भई रहेकोमा आ.व. २०७७/७८ मा थप २८ जिल्लाका २८१ स्थानीय तहमा विस्तार भएको थियो ।

बहुक्षेत्रीय पोषण योजनाले परिलक्षित गरेको नतिजा प्राप्त गर्न आर्थिक बर्ष २०७७/७८ मा यस परोहा नगरपालिकामा कार्यक्रम कार्यन्वयनका लागि ब.उ.शि.नं. ३६५००१०६ मा विनियोजन भएको रकम सशर्त अनुदानको रुपमा प्राप्त भएको थियो। यसै अनुरुप कार्यक्रमको कार्यन्वयन विभिन्न बिषयगत क्षेत्रहरुसंगको समन्वय, सहकार्य र नेतृत्वमा सफलतापूर्वक सञ्चालन गरिएको हो।

## २. बहुक्षेत्रीय पोषण योजना, दोस्रोका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

### दीर्घकालिन सोच

आगामी दश वर्षभित्रमा महिला, बालबालिका तथा किशोरीमा हुने कुपोषण हटाई मानव पूँजीको विकास

### उद्देश्यहरु

- सेवा प्रदायक संस्थाको विस्तार गरी सबैमा पोषण विशेष सेवाहरूको पहूँच बढाई सेवाहरूको उपभोगमा बृद्धि गराउनु।
- पोषण संवेदनशील सेवाहरूको पहूँच र उपभोग बढाई स्वस्थ बानी व्यवहारमा सुधार ल्याउनु।
- पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरू एकीकृत रूपमा कार्यान्वयन गरी महिला, बालबालिका तथा किशोरीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउनु।

## ३. यस आ.व.मा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन भएका भौगोलिक क्षेत्र (वार्ड र टोल)

### क) सघन रुपमा कार्यक्रम कार्यान्वयन भएका वडाहरु

यस आर्थिक बर्षमा बहुक्षेत्रीय पोषण योजना सघन रुपमा परोहा नगरपालिकाको वडा नं. १, २ र ४ मा कार्यान्वयन भएको छ।

### ख) संक्षिप्त रुपमा कार्यक्रम कार्यान्वयन भएका वडाहरु

यस आर्थिक बर्षमा बहुक्षेत्रीय पोषण योजना संक्षिप्त रुपमा परोहा नगरपालिकाको वडा नं. १, २, ३, ४, ५, ६, ७, ८ र ९ मा कार्यनवयन भएको छ।

## ४. सुनौला हजार दिनका घरपरिवारको विवरण (वडागत)

| वडा नं. | ०-१२ महिनाको जनसंख्या | ०-२४ महिनाको जनसंख्या | ६-२४ महिनाको जनसंख्या | १२-६० महिनाको जनसंख्या | ०-५ वर्ष सम्मको जनसंख्या | किशोर किशोरीको जनसंख्या | १५-४९ वर्षको महिला जनसंख्या | गर्भवतीको जनसंख्या | कुल जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६९ | १५२ | ११५ | ३४१ | ४१० | ७२२ | ९६९ | ८५ | ३६३० |
| २ | ७७ | १७५ | १३७ | ४०७ | ४८४ | ७४९ | ११०० | ९३ | ४०१५ |
| ३ | १३२ | ३२१ | २५५ | ७१६ | ८४८ | १२२१ | १८३९ | १६० | ६९२४ |
| ४ | ११३ | २४३ | १८७ | ५२६ | ६३९ | १२०९ | १५५९ | १३८ | ५९३४ |
| ५ | ८७ | २१० | १६७ | ४७१ | ५५८ | ८४९ | ११४५ | १०५ | ४५४४ |
| ६ | ९७ | २०९ | १६१ | ४१० | ५०७ | ८७४ | १३४७ | ११८ | ५०६७ |
| ७ | ९९ | २४४ | १९५ | ५४६ | ६४५ | ९५१ | १२९९ | १२१ | ५२०६ |
| ८ | ८६ | २०८ | १६५ | ४७० | ५५६ | ८१५ | ११६८ | १०४ | ४४८३ |
| ९ | १२४ | २७१ | २०९ | ५८७ | ७११ | ११९३ | १६२४ | १५० | ६४६३ |
| **जम्मा** | **८८४** | **२०३३** | **१५९१** | **४४७४** | **५३५८** | **८५८३** | **१२०५०** | **१०७४** | **४६२६६** |

## ५. बजेट

| | |
|---|---|
| **संघीय सरकार** | २८६३०००.०० |
| **प्रदेश सरकार** | ०.०० |
| **नगरपालिका** | १०००००.०० |
| **जम्मा बजेट** | २९६३०००.०० |

# ६. आ.ब. २०७७/७८ मा बहुक्षेत्रीय पोषण योजना अन्तरगत सञ्चालन भएका गतिविधिहरुको भौतिक प्रगति विवरण

## ६.१ शासकीय प्रबन्ध अन्तर्गत सञ्चालित क्रियाकलापहरु

### ६.१.२. वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक तथा क्रियाशिलता

वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकमा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनको उदेश्य, आवश्कता र समग्र अवस्था बारे जानकारी गराउदै बहुक्षेत्रीय पोषण योजनाः दोश्रो २०७५/७६ (२०७९/८० अनुसारको पदाधिकारीहरु समिलित वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको क्रियाशिल बैठक आयोजना  गरिएको थियो । कार्यक्रम यस चालु अर्थिक बर्ष २०७७/७८ मा परोहा नगरपालिका द्वारा स्वीकृत कार्यक्रम तथा बजेट माथि समेत छलफल गरिएको थियो । उक्त कार्यक्रममा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितको काम कर्तब्य र अधिकारको बारेमा समेत छलफल गरिएको थियो ।

**उद्देश्य**

यस वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति बैठकको मुलभूत उद्देश्य वडा भित्रका समग्र पोषणको अवस्थालाई बिश्लेषण गर्दै वडा भित्रका लक्षित बर्गहरु महिला, बालबालिका, किशोर, किशोरी, गर्भवती, सुत्केरी तथा कुपोषणको चक्रमा फसेका ब्यक्तिहरुलाई पोषणयुक्त खाद्यानमा सहज पहुँच कायम कायम गराई वडा भित्रका सम्पूर्ण पोषण सम्बन्धित बिषयगत क्षेत्रहरुलाई क्रियाशिल बनाउने रहेको छ । यस वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको क्रियाशील बैठकको उद्देश्यहरु निम्न लिखित छन् ।

- वडामा सहभागितामुलक पद्धतिबाट पोषण सम्बन्धि कार्यक्रमहरुको पहिचान गरी त्यसता कार्यक्रमहरु सम्बन्धित नगरपालिकामा पेश गर्न ।
- वडामा पोषण लक्षित समुदायको पहिचान गर्न ।
- पोषण लक्षित समुदायको आवश्यकता पहिचान गर्ने र उनीहरुको सहभागितामा कार्यक्रमको प्रथमिकिकरण गर्न सहयोग गर्न ।
- पोषण सम्बन्धित लक्षित र संवेदनशील क्षेत्रमा विभिन्न अभियान सञ्चालन गर्न समुदायको परिचालन गर्न ।
- गैह सरकारी संस्था तथा अन्य निकायबाट वडामा सञ्चालित पोषण कार्यक्रम अनुगमन गर्न ।

### ६.१.२ नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको बैठक तथा क्रियाशिलता अभिमुखिकरण

खाद्यान्नमा सबैको पहुँच कसरी बढाउने, स्थानीय स्तरमा उपलब्ध स्रोतहरूको प्रयोग कसरी बढाउने, खाद्यान्न उत्पादन कसरी बढाउने, खाना पकाउँदा वा तयार गर्दा खानाको गुण तथा पोषक तत्त्वलाई कसरी नष्ट हुनबाट जोगाउने जस्ता ज्ञान र सीपहरूको अवस्था तथा त्यसको दिगोपनाको बारेमा जानकारी गराउनु यसको मुख्य उद्देश्य रहेको थियो । परोहा नगरपालिकाको वडा नं. १ देखि ९ सम्मका वडाहरु खाद्य सुरक्षा निर्देशक समितिको बैठक मिति

२०७८ बैशाख २० गते देखि मिति २०७८ अषाढ ४ गते सम्म आयोजना गरिएको थियो । नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति बैठकको मुलभूत उद्देश्य नगरपालिका भित्रका समग्र पोषणको अवस्थालाई बिश्लेषण गर्दै वडा भित्रका लक्षित वर्गहरु महिला, बालबालिका, किशोर, किशोरी, गर्भवती सुत्केरी तथा कुपोषणको चक्रमा फसेका नगरपालिकाबासीहरुलाई पोषणयुक्त खाद्यानमा सहज पहुँच कायम गराई नगर भित्रका सम्पूर्ण पोषण सम्बन्धित बिषयगत क्षेत्रहरुलाई क्रियाशिल गराउनु रहेको थियो ।

बालबालिका तथा किशोरकिशोरीहरूको उपयुक्त शारीरिक तथा मानसिक विकासका लागि पोषण युक्त खाना खानु पर्दछ । किशोरी तथा महिलाले पर्याप्त मात्रामा आइरन, फोलिक एसिड र त्यस प्रकारका तत्त्व पाइने खाना खानु पर्दछ । किशोरकिशोरीहरुले एनिमियाबाट बच्नका लागि आवश्यक रोकथाम तथा नियन्त्रणका उपायहरू अवलम्बन गर्नु पर्दछ । परिवारका सबै सदस्यहरूले पर्याप्त आयोडिनयुक्त खानाको प्रयोग र प्रवर्धन गर्नु पर्दछ । खाद्यान्नको महत्त्व, प्रशोधन प्रक्रियाहरू, पोषणसँग सम्बद्ध स्वास्थ्य समस्याहरूको व्यवस्थापन, खानपानको व्यवहारमा सुधार आदि जस्ता विषयमा छलफल भएको थियो ।

नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकमा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनको उद्देश्य, आवश्कता र पोषणको अवस्था बारे जानकारी गराउदै बहुक्षेत्रीय पोषण योजना दोश्रो (२०७५/७६-२०७९/८०) अनुसारको पदाधिकारीहरु समिलित नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको क्रियाशिल बैठक आयोजना गरिएको थियो । अर्थिक बर्ष २०७७/७८ मा परोहा नगरपालिकामा स्वीकृत कार्यक्रम तथा बजेट माथि समेत छलफल गरिएको थियो । उक्त कार्यक्रममा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितको काम, कर्तब्य र अधिकारको बारेमा समेत छलफल गरिएको थियो । नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको उद्देश्यहरु निम्न प्रकार रहेका छन् ।

- पोषण तथा खाद्य सुरक्षा सम्बन्धि राष्ट्रिय र प्रदेश तहका नितिहरु संग नबाझिने गरी सम्बन्धित नगरपालिकास्तरको पोषण तथा खाद्य सुरक्षा सम्बन्धी नितिहरु तर्जुमा गर्न ।
- बहुक्षेत्रीय पोषण योजनाको लागि स्रोत पहिचान गरी आवश्यक बजेटको सुनिश्चितता गर्न ।
- नगरपालिकाको दिर्घकालिन आवधिक तथा बार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारको कार्यक्रम समावेश गर्न र सभामा पेश गर्न ।
- पोषण तथा खाद्य सुरक्षा सम्बन्धि राष्ट्रियस्तरको गोष्ठी सभा सम्मेलनमा बहस तथा पैरबी गर्न ।
- नगरपालिका भित्रका वडा तहमा गठन हुने पोषण तथा खाद्य सुरक्षा समितिको गठन तथा संञ्चालनको लागि आवश्यक निर्देशन दिने र सहजीकरण गर्न ।

- नगरपालिका भित्रका वडातहमा गठन भएका पोषण तथा खाद्य सुरक्षा समितिबाट सम्पादित कार्यहरुको समिक्षा गर्ने र निर्देशन दिन।
- स्थानीय तह भित्र कार्यन्वयन गरिएको बहुक्षेत्रीय पोषण योजनाको अनुगमन प्रगतिको समीक्षा र उपलब्धीको मूल्यांकन गर्न।
- बहुक्षेत्रीय पोषण योजना सम्बन्धी कार्य प्रगति जिल्ला सम्नवय तथा प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमानियमित रुपमा पठाउन ।

### उपलब्धि

नगरस्तरीय खाद्य सुरक्षा निर्देशक समितिको बैठकको निम्न उपलव्धीहरु हासिल भएको देखिन्छ।

- कुपोषण चक्र र यसको असरका बारेमा जानकारी प्राप्त भयो।
- स्थानीय स्तरमा उपलब्ध खाद्यान्नका स्रोतहरुको अवस्था बारे जानकारी भयो।
- खाद्यान्नमा सबैको पहुँच स्थापित गर्ने सम्बन्धी जानकारी भयो।
- स्थानीय स्तरमा उपलब्ध स्रोतहरूको प्रयोगमा जोड दिनु पर्ने जानकारी भयो।
- कुपोषणको दरमा कमी ल्याउन खाद्य सुरक्षा समितिको भूमिका बारे जानकारी प्राप्त भयो।

### निश्कर्ष

शरीरको सम्पूर्ण विकास तथा स्वस्थ रहनका लागि हामीले दिनहुँ खाने खानामा शक्ति दिने, शरीर वृद्धि गर्ने र सुरक्षा गर्ने खानेकुराहरू तथा सफा पानी आदि अर्थात् सबै समूहबाट (गेडागुडी, अन्न, पशुपक्षीजन्य र फलफूल) मिलाएर खाएमा सन्तुलित भोजन हुन्छ। सन्तुलित भोजनको उपयोगमा बढोत्तरी गर्न तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्न यस समितिको अहम् भूमिका रहेको देखिन्छ।

### ६.१.३ पोषण भत्ता सदुपयोगको लागि स्याहारकर्तालाई अभिमुखीकरण

बालबालिकाहरु हुर्कने, बढ्ने क्रममा विभिन्न रोगबाट संक्रमित हुने सम्भावना रहन्छ। केही रोगहरु बालबालिका स्वयमले प्रतिरक्षा गर्न सक्छन् भने केही रोगको रोकथाम गर्नु पर्दछ। बालबालिकाले कुनै विषाणु विरुद्ध प्रतिरक्षा शक्ति निर्माण गर्न नसक्दा बिरामी हुन सक्दछ। बालबालिकालाई शीघ्र वा दीर्घ बिमारीहरु हुन सक्छ। केहि बिमारीहरु ज्वरो, रुघाखोकी, निमोनिया, झाडापखाला, जुका, आँखा रातो हुने र पाक्ने, कान पाक्ने, एलर्जी, दाद, लुतो, दादुरा, ठेउला आदि हुन्। बालबालिकाले बिरामी छु भनेर व्यक्त गर्न सक्दैनन्। उनीहरुको अवस्था अभिभावक वा स्याहारकर्ताले पहिचान गर्नु पर्दछ। बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत यस परोहा नगरपालिकाको वडा नं. १ देखि ९ सम्मका बाल पोषण भत्ता प्राप्त गर्दै आएका बालबालिकाका स्याहारकर्ताहरुलाई लक्षित गरि पोषण भत्ता सदुपयोगको लागि स्याहारकर्ता सम्बन्धि अभिमुखीकरण कार्यक्रम मिति २०७७ चैत्र २४ गते देखि २०७८ बैशाख ०९ गतेसम्म (हरेक वडामा १ (एक) दिने) आयोजना गरिएको थियो। बालबालिकाको स्याहार सुसार सम्बन्धि ज्ञान

र सीपहरूको बारेमा स्याहारकर्ताहरुलाई जानकारी गराउने अभिप्रायले यो अभिमुखिकरण तालिमको सञ्चालन गरिएको थियो।

### उपलब्धि

पोषण भत्ता सदुपयोगको लागि स्याहारकर्ता अभिमुखीकरण कार्यक्रमबाट निम्नानुसारको सिकाई उपलव्धीहरु प्राप्त भएको देखिन्छ।

- पोषणको बारेमा स्पष्ट बुझाई भएको देखियो।
- कुपोषण चक्र र यसको असरका बारेमा बताउन सक्ने भयो।
- स्थानीय स्तरमा उपलब्ध खानाका चार प्रकार र त्यसको महत्त्व बुझेको देखियो।
- पोषण सम्बन्धी सेवाहरू पाइने ठाउँको बारेमा जानकारी प्राप्त भएको देखियो।
- स्याहारकर्ताहरु ध्यान दिनु पर्ने पक्षहरुको बारेमा जानकार भएको देखियो।

### निश्कर्ष

शरीरको सम्पूर्ण विकास तथा स्वस्थ रहनका लागि हामीले दिनहुँ खाने खानामा शक्ति दिने, शरीर वृद्धि गर्ने र सुरक्षा गर्ने खानेकुराहरू तथा सफा पानी आदि अर्थात् सबै समूहबाट (गेडागुडी, अन्न, पशुपक्षीजन्य र फलफूल) मिलाएर खाएमा सन्तुलित भोजन हुन्छ। स्याहारकर्ताले बालबालिकाहरुको उचित स्याहार गरी सर्वाङीण विकास गराउनु पर्दछ। बालबालिकाहरुलाई ६ महिनासम्म स्तनपान मात्र र ६ महिना पछि स्तनपानका साथै उपयुक्त पौष्टिक खाना खुवाउने र राम्रा पोषणका अभ्यासहरुलाई प्रवर्द्धन गनु पर्छ। बालबालिकाको अपाङगताको प्रारम्भिक पहिचान गर्न बालबालिकाका विकासात्मक लक्षणहरुमा ध्यान दिनु पर्छ र आवश्यक परेमा स्वास्थकर्मीसँग परामर्श लिनु पर्दछ। पोषण अवस्थामा सुधार ल्याउन खानाको उपलब्धता र पहुँचमा भर पर्ने भएकोले पोषिलो खाना खानुको साथै स्याहार सम्बन्धि व्यवहार र ज्ञानले अझ बढी महत्व राख्दछ।

## ६.२ महिला तथा बालबालिका क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरु

### ६.२.१ किशोर किशोरीलाई पोषण, प्रजनन स्वास्थ्य सम्बन्धि अभिमुखीकरण

जीवनको एक प्रमुख आधार खाना हो। मानवका लागि खाना महत्त्वपूर्ण छ। खाना बिना मानव बाँच्नै सक्दैन। खाद्यान्नमा सबै नागरिकको पहुँच कसरी बढाउने, स्थानीय स्तरमा उपलब्ध स्रोतहरूको प्रयोग कसरी बढाउने, खाद्यान्न उत्पादन कसरी बढाउने, खाना पकाउँदा वा तयार गर्दा खानाको गुण तथा पोषक तत्त्वलाई कसरी नष्ट हुनबाट जोगाउने जस्ता ज्ञान र सीपहरू समुदायका सबै मानिससँग हुनु आवश्यक छ। प्रजनन स्वास्थ्यले प्रजनन प्रणाली र प्रजनन अंगहरुको स्वास्थ्य साथै यौनसंग सम्वन्धित विषयहरुको बारेमा समेत जानकारी गर्ने गर्दछ। किशोरावस्थामा शारीरिक तथा मानसिक परिवर्तन तीव्र रूपमा हुने हुँदा किशोरकिशोरीमा विभिन्न प्रकारको जिज्ञासा आउने गर्दछ। यति वेला पर्याप्त मात्रामा सही जानकारी भएन भने उनीहरूका जीवनमा धेरै असरहरू (जस्तै; यौनजन्य रोगहरु लाग्ने, बलात्कार तर्फ प्रवृत्त हुने, लागु पदार्थ दुर्व्यसनी बन्ने, पढाइमा कमजोर हुने आदि) पर्न सक्छन्। पोषण तथा

प्रजनन स्वास्थ्यसँग सम्बन्धित शिक्षा, जानकारी तथा सूचनाले किशोर किशोरीहरूलाई आफ्नो स्वास्थ्य प्रति जागरुक बन्न प्रेरित गर्ने बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत यस परोहा नगरपालिकाको वडा नं. १, २ र ४ का किशोरीकिशोरीहरुलाई लक्षित गरि पोषण तथा प्रजनन स्वास्थ्य सम्बन्धि तालिम मिति २०७७ चैत्र ३० गते १ (एक) दिने आयोजना गरिएको थियो। खाद्यान्नमा सबैको पहुँच कसरी बढाउने, स्थानीय स्तरमा उपलब्ध स्रोतहरूको प्रयोग कसरी बढाउने, खाद्यान्न उत्पादन कसरी बढाउने, खाना पकाउँदा वा तयार गर्दा खानाको गुण तथा पोषक तत्त्वलाई कसरी नष्ट हुनबाट जोगाउने जस्ता ज्ञान र सीपहरूको बारेमा किशोरकिशोरीहरुलाई जानकारी गराउनु यस तालिमको मुख्य उद्देश्य रहेको थियो । प्रजनन् स्वास्थ्यले सुरक्षित तथा सन्तुष्टिपूर्ण यौन जीवन यापन गर्ने सक्षमता, प्रजनन प्रक्रियाको क्षमता र यी कार्यहरू कहिले, कतिसम्म गर्ने भन्ने निर्णय गर्ने स्वतन्त्रता पनि छ भन्ने कुरालाई इङ्गित गर्दछ। यसले महिला तथा पुरुषको सुसूचित हुन पाउने अधिकार र सुरक्षित, प्रभावकारी, धान्न सक्ने परिवार हुनु पर्ने भन्ने कुरामा जोड दिने विश्वास यस तालिमले राखेको थियो।

### उपलब्धि

पोषण तथा प्रजनन प्रजनन स्वास्थ्य सम्बन्धि अभिमुखीकरण कार्यक्रमबाट निम्नानुसारको सिकाई उपलव्धीहरु प्राप्त भएको देखिन्छ।

- प्रजनन् स्वास्थ्यको बारेमा जानकारी हासिल गरेको देखियो।
- महिला र पुरुषको प्रजनन् अङ्ग र तिनका कामहरूका बारेमा बताउन सक्ने पाईयो।
- गर्भधारण प्रक्रियाको बारेमा जानकार भएको देखियो।
- बच्चाको लिङ्ग निर्धारण प्रक्रिया बारे अवगत भएको पाईयो।
- यौन तथा प्रजनन् अधिकारहरू बारेमा सुस्पष्ट भएको देखियो।
- कुपोषण चक्र र यसको असरका बारेमा बताउन सक्ने भयो।
- स्थानीय स्तरमा उपलब्ध खानाका चार प्रकार र महत्त्व बुझेको देखियो।
- पोषण सम्बन्धी सेवाहरू पाइने ठाउँको बारेमा जानकारी प्राप्त भएको देखियो।

### निश्कर्ष

शरीरको सम्पूर्ण विकास तथा स्वस्थ रहनका लागि खानामा शक्ति दिने, शरीर वृद्धि गर्ने र सुरक्षा गर्ने खानेकुराहरू तथा सफा पानी आदि अर्थात् सबै समूहबाट (गेडागुडी, अन्न, पशुपक्षीजन्य र फलफूल) मिलाएर खाएमा सन्तुलित भोजन हुन्छ। प्रजनन स्वास्थ्य अन्तर्गत सुरक्षित यौन जीवन बिताउनु, सन्तान जन्माउन सक्षम हुनु र कहिले तथा कति जना सन्तान जन्माउने भन्ने कुराको आफैले स्वतन्त्रतापूर्वक निर्णय गर्न पाउने कुरा पर्दछन्। परिवार नियोजनका साधनहरूको पूर्ण जानकारी प्राप्त गर्ने र प्रभावकारी परिवार नियोजनका साधन स्वतन्त्र रूपले छनोट गर्ने अधिकार पनि यसै अन्तर्गत पर्दछ। महिलाका लागि सुरक्षित रूपमा सुत्केरी हुन पाउने, स्वस्थ शिशु जन्माउन दम्पतिहरूका लागि उपयुक्त स्वास्थ्य सेवाको सुविधा उपलब्धतता पनि प्रजनन स्वास्थ्य भित्रै पर्दछन्।

### ६.२.२ किशोरीहरुलाई महिनावारी स्वच्छता, प्रजनन स्वास्थ्य तथा जीवन उपयोगी सीप तालिम

महिनावारी स्वास्थ्य, सरसफाइ तथा स्वच्छता सम्बन्धि भ्रम र अन्धविश्वासहरुलाई चिर्दै स्वस्थकर व्यवहार र मर्यादित सामाजिक वातावरण सृजना गर्नु आजको मुख्य आवश्यकता रहेको छ। किशोरीहरुलाई महिनावारीका लागि पूर्व तयारी गराउने, महिनावारीको समयमा आउन सक्ने समस्या र समाधानको उपायहरु र महिनावारी सम्बन्धी अन्य व्यवस्थापकीय कुराहरु, महिनावारी सम्बन्धी भ्रमहरु, अफठ्याराहरु, किशोरकिशोरी, युवायुवती, परिवारको भूमिका जस्ता बिषयहरुको बारेमा जानकारी गराउने अभिप्रायले बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत यस परोहा नगरपालिकाको वडा नं. १, २ र ४ का किशोरीहरुलाई लक्षित गरि महिनावारी स्वच्छता तथा प्रजनन स्वास्थ्य सम्बन्धि तालिम मिति २०७८ बैशाख ३, ४ र ५ गते १ (एक) दिने आयोजना गरिएको थियो। किशोरीहरुलाई महिनावारीका लागि पूर्व तयारी गराउने, महिनावारीको समयमा आउन सक्ने समस्या र समाधानको उपायहरु र महिनावारी सम्बन्धी अन्य व्यवस्थापकीय कुराहरु, महिनावारी सम्बन्धी भ्रमहरु, अफठ्याराहरु, परिवारको भूमिका जस्ता बिषयहरुको बारेमा जानकारी गराउनु यस तालिमको मुख्य उद्देश्य रहेको थियो। महिनावारी स्वास्थ्य, सरसफाइ तथा स्वच्छता सम्बन्धी भ्रम र अन्धविश्वासहरुलाई चिर्दै स्वस्थकर व्यवहार र मर्यादित सामाजिक वातावरण सृजना गर्न सहयोग पुग्ने विश्वास यस तालिमले लिएको थियो।

#### उपलब्धि

महिनावारी स्वच्छता तथा प्रजनन स्वास्थ्य तालिमबाट निम्नानुसारको अपेक्षित उपलव्धीहरु प्राप्त गरेको देखिन्छ।

- महिनावारी चक्रको बारेमा जानकारी प्राप्त भएको देखियो।
- महिनावाी हुँदा ध्यान पुर्याउनु पर्ने आधारभूत कुराहरूमा ध्यान दिन सक्ने देखियो।
- महिनावारी सम्बन्धी धारणा र यथार्थ बारे प्रष्ट भएको देखियो।
- महिनावारीको समयमा सरसफाई र ब्यवस्थापन कसरी गर्ने भनेर जानकारी प्राप्त भएको देखियो।
- महिनावारीको समयमा सरसफाईको महत्व बुझेको पाईयो।
- महिनावारीको समयमा प्रयोग गरिने प्याड वा कपडाको व्यवस्थापन गर्ने भन्ने जानकार भएको देखियो।

#### निश्कर्ष

महिनावारी सम्बन्धमा सही र तथ्यपूर्ण जानकारी गराउनु तथा महिनावारी महिलाको जीवनमा हुने एउटा सामान्य प्राकृतिक शारीरिक प्रक्रिया हो। महिनावारी सम्बन्धमा सही जानकारी पाउनाले यस सम्बन्धी भएका गलत धारणहरू हटाउन मद्दत पुग्नुका साथै महिनावारीका बेलामा हुने दुखाइ लगायतका अप्ठ्याराहरूको व्यवस्थापन गर्न र महिनावारी हुँदाका बेलामा गर्नुपर्ने सरसफाइबारे जानकारी गराई स्वस्थ जीवन जिउनमा मद्दत पुर्याउन सकिन्छ। महिनावारीको समयमा अरू दिनमा जस्तै साधारण काम गर्ने र आफ्नो शरीरको सरसफाईमा तथा पोषणयुक्त खानेकुरामा विशेष ध्यान दिनुपर्छ।

## ६.३ खानेपानी तथा सरसफाई क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरु

### ६.३.१ विद्यालयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्द्धन गर्न अभिमुखीकरण

नेपाल लगायत विश्वमा राम्रोसँग हात नधुनाले कैयौं पटक महामारी फैलिएको घटना हाम्रो सामु नौलो छैन। आफ्ना हातहरु सफा राख्नु स्वास्थको हिसाबले महत्वपूर्ण हो । सफा हातले रोग व्याधी लगायत अन्य संक्रमण र किटाणुहरुबाट समेत हामीलाई बचाउँछ। विश्वभरि नै हात सफा नभएका कारणले नै बिभिन्न रोग अनि संक्रमणहरुका कारण लाखौंले मृत्यूवरण गरिसकेको तथ्याँकले देखाउँछ। अहिले पनि प्रतिवर्ष विश्वभरि करिब १ करोड ९० लाख बालबालिकाको मृत्यु गराउने एक मुख्य कारण झाडापखाला पनि हो। जुन रोग हात राम्री नधोएका कारणबाट लाग्ने गर्दछ। खाना खानु अघि, खाए पछि, शौचालय प्रयोग पछि र अन्य आवश्यक अवस्थामा हात धुने बानी बच्चैदेखि बसाल्न जरुरी छ। बच्चाहरुले राम्ररी हात नधुनाले धेरै प्रकारका रोगहरुबाट संक्रमण भएको पाइन्छ। विश्वमा हरेक ३ मध्ये एक जना नवजात बालबालिका झाडापखालाले औसतमा संक्रमण हुने तथ्याङ्क छ।

राम्ररी हात धुने, सफा पानीको प्रयोग गर्ने अनि साबुन पानीको प्रभावकारी उपयोग गर्नाले हात सफा भएर झाडापखाला लगायत अन्य संक्रामक रोगहरु लाग्नबाट आफुलाई जोगाउने अभिप्रायले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत यस परोहा नगरपालिकाको वडा नं. १, २ र ४ का अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरि मिति २०७७ चैत्र २६, २७ र ३० गते १ (एक) दिने विद्यालयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्धन सम्बन्धि अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको थियो। हात धुने चलन र व्यवहार मात्र पनि नियमित र प्रभावकारी गर्न सके करौडोंको संख्यामा जीवन बचाउन सकिन्छ भन्ने उद्देश्यका साथ यो अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो।

#### उपलब्धि

विद्यालयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्द्धन सम्बन्धि अभिमुखीकरणका उपलब्धिहरु निम्न प्रकार रहेको देखिन्छ।

- हात धुने बानी व्यवहारको विकास भएको
- झाडा पखाला, कोभिड-१९ लगायत अन्य विभिन्न सरुवा रोगहरुको रोकथाममा सहयोग पुग्ने
- विभिन्न संक्रामक रोगहरुका कारणले हुने मृत्यु दरमा कमी आउने
- आम नागरिकको स्वास्थ्य अवस्थामा सुधार ल्याउन सहयोग पुग्ने
- दीगो सरसफाइ र स्वच्छता हासिल उपयोगी हुने

#### निश्कर्ष

साबुन पानीले हात धुने प्रक्रिया धेरै फाइदाकारी तथा उपयोगी रहेको छ। हातमा आउने किटाणुको संख्यामा कमी ल्याउन साबुन पानीले नियमित हात धुने बानीको विकास गर्नु पर्दछ। कोरोना भाइरसको संक्रमणबाट समेत बच्न साबुन पानीले हात धुनु सबैभन्दा प्रभावकारी उपाय रहेको विशेषज्ञहरूको निष्कर्ष रहेको छ। यी सबै विषयहरुलाई

मनन् गर्दै विद्यालयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्धन गरी घर परिवार, समाज हुदै सिंगो राष्ट्रलाई सरसफाई उन्मुख बनाउने अभिप्रायले यो प्रवर्धानात्मक क्रियाकलाप मार्फत सकारात्मक सन्देश प्रवाह गर्न खोजिएको थियो ।

## ६.४ पशुपंक्षी विकास क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरु

### ६.४.१ पशुजन्य उत्पादन विविधिकरण तालिम

नेपालको भौगोलिक बनावट, हावापानीको हिसावले कृषि क्षेत्र एक प्रचुर सम्भावना बोकेको आर्थिक क्षेत्रको रुपमा परिचित छ । नेपालमा कृषिको उत्पादन तथा उत्पादकत्व बढाई गरिबी न्यूनिकरण र खाद्य सुरक्षामा टेवा पुर्याउनु आजको मुख्य आवश्यकता रहेको छ । यसका लागि कृषि उत्पादनको विविधिकरण, प्रशोधन तथा मूल्य अभिवृद्धि, कृषियान्त्रिकरण, बजारीकरण जस्ता महन्वपूण पक्षहरुलाई दृष्टिगत गरी नेपाल सरकारले कृषि क्षेत्रको विकासका लागि प्राथमिकतामा राखेको पशुपंक्षीपालन एक प्रमुख क्षेत्र हो । नेपाली समाजको आधुनिक जीवनशैली तर्फ बढ्दो आकर्षण तथा खाद्य पोषण सम्बन्धी जनचेतनाको वृद्धिले गर्दा मुलुकमा पशुपंक्षीजन्य पदार्थको माग दिनानुदिन बढ्ने क्रममा छ । बढ्दो मागलाई आपुर्ति गर्न पशुपंक्षी पालक कृषकहरुले सफलतापूर्वक व्यवसाय संचालन गरी आर्थिक लाभ लिन सक्ने यो गहन अवसरको रुपमा रहेको छ ।

बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत परोहा नगरपालिकाको वडा नं. ४, लौकाहाका किशोरी, गर्भवती र सुत्केरीहरुलाई लक्षित गरि पशुजन्य पौष्टिक आहाराको उत्पादनमा वृद्धि ल्याई पशुपालक कृषकहरुको जीवन एवं आर्थिकस्तर उकास्नमा योगदान पुर्याउने अभिप्रायले मिति २०७८ बैशाख ४ गते १ (एक) दिने पशुजन्य विविधिकरण तालिमको आयोजना गरिएको थियो । सुनौलो हजार दिनका लक्षित वर्गहरुको ज्ञान, सीप र क्षमता विकास गर्नु यस तालिमको मुख्य उद्देश्य रहेको थियो ।

**उपलब्धि**

पशुजन्य उत्पादन विविधिकरण तालिमबाट निम्नानुसारका उपलव्धिहरु हासिल भएको देखिन्छ ।

- यो तालिम पश्चात पशुपालनबाट खाद्य सुरक्षाको परिपूर्ति गर्न सक्षम भएको देखियो ।
- आफ्नो श्रोत साधन, बजार पहुच तथा मागको आधारमा पशुपालन गर्न आवश्यक ज्ञान प्राप्त भएको देखियो ।
- पशुजन्य उत्पादनका सम्भावित जोखिमहरुको वारेमा अवगत भएको पाईयो ।
- पशुजन्य उत्पादनहरुको बजारीकरण प्रक्रियाको बारेमा जानकारी प्राप्त भएको पाईयो ।
- आय आर्जनमा बढोत्तरी गर्न योग्य र सक्षम भएको देखियो ।
- पशुजन्य उत्पादन विविधिकरणको बारेमा आधारभूत जानकारी हासिल भएको पाईयो ।

**निश्कर्ष**

पशुपालन व्यवसायले एकातिर रोजगारी अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्दछ भने अर्को तिर पशुजन्य उत्पादित खाद्य सामाग्रीबाट प्रोटिन जन्य उच्च कोटिको आहारा आपूर्ति हुन गई मुलुकको खाद्य पोषण सुरक्षामा समेत गहन टेवा पुर्याउन मद्दत गर्छ । नेपाली समाजको आधुनिक जीवनशैली तर्फ बढ्दो आकर्षण तथा खाद्य पोषण सम्बन्धी जनचेतनको वृद्धिले गर्दा मुलुकमा पशुपन्छी जन्य पदार्थको माग दिनानुदिन बढ्ने क्रममा छ । बढ्दो मागलाई आपुर्ति गर्न पशुपन्छी पालक कृषकहरुले सफलतापूर्वक आफ्नो व्यवसाय संचालन गरी व्यवसायबाट आर्थिक लाभ लिन सक्ने यो गहन अवसर हो ।

### ६.४.२ किशोरी तथा सुनौला हजार दिनको घरपरिवारका सदस्यहरुलाई पशुपंक्षीपालन सम्बन्धि तालिम

दूध, मासु, अन्डा, उन, श्रम आदिका लागि जनावरहरूलाई घरमा पाल्ने कामलाई पशुपालन भनिन्छ । दूध तथा दूधजन्य उत्पादन, मासु र अन्डा प्रोटिनका भरपर्दा स्रोत पनि हुन् । यसको परिपूर्ति गर्न पनि पशपंक्षी पालन व्यवसाय गर्ने गरिन्छ । पशुपंक्षी पालन आयस्रोत मजबुत हुनुको साथै जीवनयापनमा सहजता आउँछ । पशु पालन क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा करिब ११ प्रतिशत र कुल कृषि गार्हस्थ्य उत्पादनमा २६.६ प्रतिशत योगदान गर्दै आएको छ । यस क्षेत्रको विशेष आर्थिक महत्व रहेको छ । राष्ट्रिय समस्याको रुपमा देखिएको मातृ तथा बालबालिका कुपोषणको समस्या न्यूनीकरणमा पशुजन्य उत्पादन दूध, अण्डा र मासुले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसैले यो देशलाई कुपोषण मुक्त र पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन पशुपालन व्यवसायमा जोड दिई राष्ट्रिय समस्याको रुपमा रहेको कुपोषण निर्मूलिकरण सहयोग पर्ने आजको मुख्य आवश्यकता रहेको छ ।

पशुपंक्षी पालन नेपाली कृषि प्रणालीको एक अभिन्न अंग हो । पशुपंक्षी पालन कार्य नेपाली कृषकहरुले परम्परा देखि नै गर्दै आएको भएतापनि उन्नत नश्लको पशुपालन गरि यसको व्यवसायीकरण भने हालैको दशकमा मात्र हुन गएको छ । पशुपंक्षी पालन व्यवसायले रोजगारिमा वृद्धि गर्नुको साथै पशु तथा पंक्षी जन्य उत्पादित खाद्य सामाग्रीबाट प्रोटिन जन्य उच्च कोटीको आहारा आपूर्ति हुन गई मुलुकको खाद्य पोषण सुरक्षामा टेवा पुर्याउन मद्दत गर्छ । सुनौलो हजार दिनका किशोरी, गर्भवती र सुत्केरीहरुलाई पशुपंक्षी पालन तालिमको माध्यमबाट देशमा पशुजन्य पौष्टिक आहाराको उत्पादनमा वृद्धि ल्याई पशुपंक्षी पालक कृषकहरुको जीवन एवं आर्थिक स्तर उकास्नमा योगदान पुर्याउने उद्देश्यले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत परोहा नगरपालिकाको वडा नं. १ र २ मा मिति २०७८ बैशाख २ र ३ गतेका दिन १ (एक) दिने पशुपंक्षी पालन तालिमको आयोजना गरिएको थियो । सुनौलो हजार दिनका लक्षित वर्गहरुको पशुपंक्षी पालन सम्बन्धि ज्ञान, सीप र क्षमता विकास गर्नु यस तालिमको मुख्य उद्देश्य रहेको थियो ।

#### उपलब्धि

पशुपंक्षी पालन तालिमबाट निम्नानुसारका उपलव्धिहरु हासिल भएको देखिन्छ ।

- पशुपंक्षी पालन तालिम पश्चात पशुपालनबाट खाद्य सुरक्षाको परिपूर्ति गर्न सक्षम भएको देखियो ।
- आफ्नो श्रोत साधन, बजार पहुच तथा मागको आधारमा पशुपालन गर्न आवश्यक ज्ञान प्राप्त भएको देखियो ।

- पशुजन्य उत्पादनका सम्भावित जोखिमहरुको वारेमा अवगत भएको पाईयो ।
- पशुजन्य उत्पादनहरुको बजारीकरण प्रक्रियाको बारेमा जानकारी प्राप्त भएको पाईयो ।
- आय आर्जनमा बढोत्तरी गर्न योग्य र सक्षम भएको देखियो ।
- पशुजन्य उत्पादन विविधिकरणको बारेमा आधारभूत जानकारी हासिल भएको पाईयो ।

**निश्कर्ष**

पशुपंक्षी पालन व्यवसायले एकातिर रोजगारी अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्दछ भने अर्को तिर पशुजन्य उत्पादित खाद्य सामाग्रीबाट प्रोटिन जन्य उच्च कोटिको आहारा आपूर्ति हुन गई मुलुकको खाद्य पोषण सुरक्षामा समेत गहन टेवा पुर्याउन मद्दत गर्छ । नेपाली समाजको आधुनिक जीवनशैली तर्फ बढ्दो आकर्षण तथा खाद्य पोषण सम्बन्धी जनचेतनको वृद्धिले गर्दा मुलुकमा पशुपन्छी जन्य पदार्थको माग दिनानुदिन बढ्ने क्रममा छ । बढ्दो मागलाई आपुर्ति गर्न पशुपंक्षी पालक कृषकहरुले सफलतापूर्वक आफ्नो व्यवसाय संचालन गरी व्यवसायबाट आर्थिक लाभ लिन सक्ने यो गहन अवसर हो ।

## ६.५ कृषि विकास क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरु

### ६.५.१ तरकारीको उन्नत बिउ विजन वितरण

नेपालको ग्रामिण भेगका लागि करेसाबारी एकदमै उपयुक्त र महत्वपूर्ण छ, जहाँ घर नजिकै रहेको खाली जग्गामा नियमित रुपमा तरकारी उत्पादन गर्न सकिन्छ । करेसाबारी खेती भन्नाले घरको नजिक वा वरिपरि रहेको खाली जग्गामा भान्सामा आवश्यक पर्ने सबै किसिमका तरकारीहरु कम कम रुपमा गरिने खेतीलाई नै करेसाबारी भनिन्छ । मानिसहरुले सधै जसो माछा, मासु, अण्डा खान असम्भव नै हुने हुदाँ मानव शरीरलाई चाहिने पोषक तत्वहरु पूर्ण रुपमा प्राप्त गर्न सकिरहेको हुदैन । त्यसकै परिपूर्ति गर्न विभिन्न किसिमका सागपात र तरकारीहरुबाटै पोषक तत्वहरु पुरा गर्न उन्नत जातका वर्षे तरकारीको बिउ वितरण मार्फत करेसाबारीमा तरकारी खेती सजिलो, महत्वपूर्ण र उपयोगी रहेको छ । सुनौलो हजार दिनका किशोरी, गर्भवती र सुत्केरीहरुलाई उन्नत जातका तरकारीका बिउ वितरणको माध्यमबाट करेसाबारी तरकारी खेतीको प्रवर्द्धन गरि वर्ष भरि नै नियमित रुपमा ताजा, आर्गानिक तथा विषादी रहित तरकारीको उत्पादन तथा प्रयोगमा प्रोत्साहन गर्ने अभिप्रायले परोहा नगरपालिकाको वडा नं. १, २ र ४ मा मिति २०७७ चैत्र २६ गते देखि उन्नत जातका तरकारीको बिउ वितरण गर्ने कार्यको शुभारम्भ गरिएको थियो ।

घरबाट निस्कने फोहरको उचित व्यवस्थापन गरेर घरको फोहरबाट घरमै मल बनाई सोही मलको प्रयोग गरेर घर छेउमै रहेका खाली जमिनमा करेसाबारी बनाई तरकारी उत्पादन गर्न सकिन्छ । अहिले हाम्रो भान्सामा भित्रिने अधिकांश साग सब्जी बजारबाट आयात हुन्छ । बजारमा व्यवसायिक तरकारी खेतीबाट व्यवसायिक ढंगले गरिने खेतीमा रासायनिक मलखाद, किटनाषक औषधीको अत्यधिक प्रयोग गर्ने गरिन्छ । खानेकुरामा प्रयोग गरिने यस्ता रसायन सोझै हाम्रो शरीरमा भित्रिन्छ, जसको परिणाम स्वरुप विभिन्न घातक रोगहरु जस्तैः क्यान्सर, मिर्गौलाको

रोग, मुटु रोग जस्ता अन्य रोग व्याधिहरुमा वृद्धि हुने गरेको छ । आफ्नै बारीमा जैविक विधिबाट उत्पादन गरेर सागसब्जी सेवन गर्नु सर्वोत्तम विकल्प हो । घरको आसपासमा रहेको सानो करेसाबारीबाट आफुलाई आवश्यक सागसब्जी उत्पादन गर्न सकिन्छ । यसरी करेसाबारी बनाउँदा शुद्ध, ताजा र जैविक सागसब्जी खान पाइन्छ ।

**उपलब्धि**

उन्नत जातका तरकारीको बिउ वितरण कार्यक्रम सञ्चालन पश्चात लाभग्राहीहरुमा निम्न उपलव्धिहरु हासिल हुने अनुमान गरिएको थियो ।

- आफ्नो श्रोत साधन, बजार पहुच तथा मागको आधारमा करेसाबारीमा तरकारी खेती गर्न सक्षम हुने देखियो ।
- करेसाबारीमा तरकारी खेती गर्दा खाद्य सुरक्षामा टेवा पुग्ने परिपूर्ति हुने देखियो ।
- करेसाबारीमा तरकारी खेती गर्दा पौष्टिक अहाराको परिपूर्ति हुने देखियो ।
- पौष्टिक अहाराको परिपूर्तिमा थप व्ययभार नभई आर्थिक अवस्थामा समेत सुधार हुने देखियो ।
- ताजा, जैविक, विषादी रहित तरकारीको उपभोग गर्न समर्थ हुने देखियो ।

**निश्कर्ष**

उन्नत जातका तरकारीको बिउ वितरण कार्यक्रमको माध्यमबाट करेसाबारीमा तरकारी खेती गरि मानव शरिरलाई चाहिने आवश्यक पौष्टिक आहाराको परिपूर्तिको साथसाथै आर्थिक स्थितिमा समेत सुधार ल्याउने गर्दछ । परिवारको खाद्य तथा पोषण आवश्यकता परिपूर्ति गर्नुको साथै विभिन्न मौसमी/बेमौसमी तरकारीहरु उपभोग गर्न सकिन्छ । यस प्रकारको खेती प्रणालीबाट फरक फरक पौष्टिक तत्व भएका विभिन्न किसिमका तरकारी उत्पादन हुनुका साथै दैनिक खानपानमा सुधार भई खाद्य तथा पोषण सुरक्षामा महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । यस कार्यक्रम अन्तर्गत उन्नत जातका तरकारी बिउको कम्पोजिट मिनी बिउ किट बनाएर वितरण गरिएको थियो । एउट कम्पोजिट मिनी बिउ किटमा  भिण्डी, घिरौला, करेला, लौका, झिगिनी, बोडी र सागको बिउ राखिएको थियो । यो बिउ किट १००० घरपरिवारलाई वितरण गरिएको छ ।

### ६.५.२ Food Composition Table प्रकाशन गरी किशोरी तथा सुनौला हजार दिनका परिवार लक्षित गरी वितरण

सुनौलो हजार दिनका किशोरी, गर्भवती र सुत्केरीहरुलाई Food Composition Table वितरण गरी मानव शरिरलाई चाहिने आवश्यक पौष्टिक तत्वको परिपूर्ति गर्न दिनहु कति प्रकारको खाना खानु पर्छ, खानामा के के खानु पर्छ आदि जस्ता कुराहरुको माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने उद्देश्य रहेको थियो । परोहा नगरपालिकाको वडा नं. १, २ र ४ मा मिति २०७८ असाढ १६ गते देखि Food Composition Table को वितरण गरिएको थियो । वडा नं. १ मा ३००, वडा नं. २ मा ३०० र वडा नं. ४ मा ४०० घरपरिवारका किशोरकिशोरी, गर्भवती र सुत्केरीहरुलाई लक्षित गरि Food Composition Table वितरण गरिएको थियो ।

## ६.६ शिक्षा क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरु

### ६.६.१ कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुलाई जुकाको औषधी खुवाउने

परोहा नगरपालिका अन्तर्गतका ५ वटा विद्यालयहरुमा अध्ययनरत कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी जुकाको औषधी खुवाउने कार्यक्रम राखिएको थियो । करिब ४००० विद्यारथीहरुलाई जुकाको औषधी खुवाउने लक्ष्य रहेको थियो। कोभिड-१९ महामारीको दोश्रो लहरको जोखिमका कारण विद्यालयहरु बन्द रहेकोले जुकाको औषधी खरिद भई सम्बन्धित विद्यालयहरुलाई हस्तान्तरण गरिएको थियो । विद्यालय खुल्ने निश्चित नभएकोले असाढको अन्तिम तिर विद्यार्थीहरुको घर घरमा पुगी जुकाको औषधी खुवाउने काम सम्पन्न गरिएको थियो।

## ६.७ स्वास्थ्य क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरु

### ६.७.१ पोषण सामग्री ढुवानी, ओटिसीको स्थापना वा सुदृढीकरण

कोभिड-१९ महामारीको दोश्रो लहरको कारण ओटिसीको स्थापना वा सुदृढीकरण कार्यक्रम नगरी गर्भवती तथा सुत्केरी महिलाहरुमा हुने कुपोषणको अवस्थालाई ध्यानमा राखी परोहा नगरपालिकाको वडा नं.१, २ र ४ का स्वास्थ्य संस्थाहरुमा मिति २०७८ असाढ १०, १५ र १६ गतेका दिन गर्भवती महिलाहरुलाई पौष्टिक अहार बितरण कार्यक्रम अन्तर्गत अण्डा र चना बितरण गर्ने कार्य भएको थियो । पोषणका अवस्था अति नै दयनीय रहेको यस क्षेत्रका महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्थामा सुधार ल्याउन गर्भवती जाँच गराई रहेकी महिलालाई पौष्टिक तत्व आपूर्ति गराउने उदेश्यले बिपन्न गरिव महिलालाई पौष्टिक खानाको अभावमा कुपोण भई कुपोषित बच्चा जन्म दिने अवस्थामा सुधार ल्याउने अभिप्रायले यो कार्यक्रम आयोजना गरिएको थियो।

#### उपलब्धि

हाल बिश्वब्यापि महामारीको रुपमा फैलिएको कोभिड १९ को अवस्थामा विपन्न बर्गमा पौष्टिक खाना को अभावमा हुने कुपोषित दरको बृद्धिलाई रोक्ने र कुपोषित शिशुको जन्ममा कमी ल्याउने ऊदेश्यले १७५ जना गर्भवती महिलाहरुलाई अण्डा र चना वितरण गरिएको थियो।

#### निश्कर्ष

नवजात शिशु, गर्भवती तथा सुत्केरी महिलाहरुलाई लक्षित गरी नगरपालिकाका अति गरिब, विपन्न वर्ग एवं खाद्यान्न संकट भएका घरपरिवारका नवजात शिशु, गर्भवती तथा सुत्केरी महिलाहरुलाइ पोषणयुक्त खाद्यान्न बितरण गरिएको थियो। विपन्न घरपरिवारलाई पौष्टिक खाद्यान्नमा पहुँच पुर्याउने उदेश्यका साथ वितरण गरिएको खाद्यान्न प्याकेजमा प्रति परिवार ५ कि.ग्रा. चना र ३० वटा अण्डा वितरण गरिएको छ।

### बहुक्षेत्रीय पोषण योजना अन्तरगत सञ्चालन भएका गतिविधिहरुको भौतिक प्रगति विवरण

| क्र.स | क्रियाकलापहरु | इकाई | वार्षिक | | खर्च स्रोत | | | लाभान्वित | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | संघीय सरकार | प्रदेश सरकार | आन्तरिक | घरधुरी | महिला | पुरुष | १००० दिनका आमा | किशोरी |
| क्षेत्रः कृषि विकास | | | | | | | | | | | | |
| १.१ | Food Composition Table प्रकाशन गरी किशोरी तथा सु.ह.दि. परिवार लक्षित गरी वितरण गर्ने | गोटा | १००० | १००० | संघीय सरकार | | | १००० | ४०० | ० | ३०० | ३०० |
| १.२ | तरकारीको उन्नत विउ विजन वितरण | पैकेट | १००० | १००० | संघीय सरकार | | | १००० | ४०० | ० | ३०० | ३०० |
| क्षेत्रः पशु विकास | | | | | | | | | | | | |
| २.१ | पशुजन्य उत्पादन विविधिकरण तालिम | समूह | १ | १ | संघीय सरकार | | | ३० | ३० | ० | १५ | ० |
| २.२ | किशोरी तथा सुनौला हजार दिनको घरपरिवारका सदस्यलाई पशुपंक्षीपालन सम्बन्धी तालिम सञ्चालन गर्ने | समूह | २ | २ | संघीय सरकार | | | ६० | ६० | ० | ५० | १० |
| क्षेत्रः स्थानीय विकास | | | | | | | | | | | | |
| ३.१ | पोषण स्वंयसेवक, निर्वाह भत्ता प्रति महिना रु १८५०० को दरले २४०५०० चाडपर्व खर्च १८५०० सञ्चार खर्च ६००० र पोशाक भत्ता १०००० | जना | १ | १ | संघीय सरकार | | | | | | | |
| ३.२ | पोषण स्वंसेवक थप निर्वाह खर्च पालिकाबाट | जना | १ | १ | | | नगरपालिका | | | | | |
| ३.३ | वडास्तरीय पोषण तथा खा.सु.नि. समितिको बैठक तथा क्रियाशिलता | वडा | ९ | ९ | संघीय सरकार | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.४ | पोषण भत्ता सदूपयोगको लागि स्याहारकर्तालाई अभिमुखीकरण प्रत्येक वडामा | वडा | ९ | ९ | संघीय सरकार | | | २२५ | १५० | ० | ७५ | |
| ३.५ | नगरस्तरीय पोषण तथा खा.सु.नि. समितिको बैठक तथा क्रियाशिलता अभिमुखीकरण सहित | पटक | ३ | ३ | संघीय सरकार | | | | | | | |
| ३.६ | गर्भवती, सुत्केरी, स्तनपान गराइरहेका महिला तथा किशोरीहरु लगायतका पोषण सम्बन्धी तथ्यांक (प्रोफाइल) संकलन तथा अद्यावधिक गर्ने | पटक | १ | १ | संघीय सरकार | | | | | | | |
| ३.७ | पोषण सम्बन्धी बिभिन्न अभियान, दिवस, सप्ताह, सुचना प्रवाह गर्ने | पटक | १ | १ | संघीय सरकार | | | | | | | |
| क्षेत्रः शिक्षा | | | | | | | | | | | | |
| ४.१ | १ वटा सामुदायिक विद्यालयमा खानेपानी तथा सरसफाइको लागि सामग्री उपलब्ध गराउने | पटक | १ | १ | संघीय सरकार | | | | | | | |
| ४.२ | कक्षा १ देखि १० सम्मका विधार्थीहरुलाई जूकाको औषधी खुवाउने | जना | १००० | १००० | संघीय सरकार | | | १००० | ४७० | ५३० | ० | ४७० |
| क्षेत्रः महिला तथा बालबालिका | | | | | | | | | | | | |
| ५.१ | किशोर किशोरीलाई पोषण, प्रजनन स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | समूह | ३ | ३ | संघीय सरकार | | | ९० | ९० | ० | ० | ९० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.६ | किशोरीहरुलाई महिनावारी स्वच्छता, प्रजनन स्वास्थ्य तथा जीवन उपयोगी सीप तालिम सञ्चालन | समूह | ३ | ३ | संघीय सरकार | | | ९० | ९० | ० | ० | ९० |
| क्षेत्रः खानेपानी तथा सरसफाई | | | | | | | | | | | | |
| ६.१ | MWASHCC बैठक तथा अभिमुखीकरण | पटक | १ | १ | संघीय सरकार | | | | | | | |
| ६.२ | विद्यालयमा साबुन पानीले हात धूने बानी व्यवहार प्रवर्धन गर्न अभिमुखीकरण | समूह | ३ | ३ | संघीय सरकार | | | १२३ | १२३ | ५५ | ० | ६८ |
| क्षेत्रः स्वास्थ्य | | | | | | | | | | | | |
| ७.१ | पोषण सामग्री ढुवानी ओटीसीको स्थापना वा सुदृढीकरण ओटीसीहरू संचालनको लागि स्वास्थ्यकर्मीहरू र महिला स्वास्थ्य स्वास्थ्य स्वयंसेवीका लागि  लागि संचार, यातायात तथा उत्प्रेरणा खर्च | पटक | १ | १ | संघीय सरकार | | | १७५ | १७५ | ० | १७५ | ० |

## ७. आ.व. २०७७/७८ मा बहुक्षेत्रीय पोषण योजना अन्तरगत वित्तीय प्रगति विवरण

| क्र.स | क्रियाकलापहरुको विवरण | बार्षिक बजेट | | | | खर्च बिवरण | | | | कैफियत (बाँकी रकम) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संघीय सरकार | प्रदेश सरकार | स्थानीय तह | जम्मा | संघीय सरकार | प्रदेश सरकार | स्थानीय तह | जम्मा | |
| १ | पोषण स्वंयसेवक, निर्वाह भत्ता प्रति महिना रु १८५०० को दरले २४०५०० (चाडपर्व खर्च मसेत) सञ्चार खर्च ६००० र पोशाक भत्ता १०००० | २५६५०० | ० | ७८००० | ३३४५०० | २५६५०० | ० | ७८००० | ३३४५०० | ० |
| २ | वडास्तरीय पोषण तथा खा.सु.नि. समितिको बैठक तथा क्रियाशिलता | १३५००० | ० | ० | १३५००० | १३५००० | ० | ० | १३५००० | ० |
| ३ | पोषण भत्ता सदूपयोगको लागि स्याहारकर्तालाई अभिमूखिकरण प्रत्येक वडामा | १८०००० | ० | ० | १८०००० | १८०००० | ० | ० | १८०००० | ० |
| ४ | नगरस्तरीय पोषण तथा खा.सु.नि. समितिको बैठक तथा क्रियाशिलता अभिमूखिकरण सहित | ९०००० | ० | ० | ९०००० | ३०००० | ० | ० | ३०००० | ६०००० |
| ५ | गर्भवती, सुत्केरी, स्तनपान गराइरहेका महिला तथा किशोरीहरु लगायतका पोषण सम्बन्धी तथ्यांक (प्रोफाइल) संकलन तथा अद्यावधिक गर्ने | ९०००० | ० | ० | ९०००० | ० | ० | ० | ० | ९०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | पोषण सम्बन्धी बिभिन्न अभियान, दिवस, सप्ताह, सुचना प्रवाह गर्ने | ३०००० | ० | ० | ३०००० | ० | ० | ० | ० | ३०००० |
| ७ | किशोर किशोरीलाई पोषण, प्रजनन स्वास्थ्य सम्बन्धि अभिमूखिकरण | ९०००० | ० | ० | ९०००० | ९०००० | ० | ० | ९०००० | ० |
| ८ | किशोरीहरुलाई महिनावारी स्वच्छता, प्रजनन स्वास्थ्य तथा जीवन उपयोगी सीप तालिम सञ्चालन | ९०००० | ० | ० | ९०००० | ९०००० | ० | ० | ९०००० | ० |
| ९ | पोषण सामग्री ढुवानी ओटीसीको स्थापना वा सुदृढीकरण ओटीसीहरू संचालनको लागि स्वास्थ्यकर्मीहरू र महिला स्वास्थ्य स्वास्थ्य स्वयंसेवीका लागि  लागि संचार, यातायात तथा उत्प्रेरणा खर्च | १४९००० | ० | ० | १४९००० | १४९००० | ० | ० | १४९००० | ० |
| १० | १ वटा सामुदायिक विद्यालयमा खानेपानी तथा सरसफाइको लागि सामग्री उपलब्ध गराउने | ८००००० | ० | ० | ८००००० | ८००००० | ० | ० | ८००००० | ० |
| ११ | कक्षा १ देखि १० सम्मका विधार्थीहरुलाई जूकाको औषधी खुवाउने | १०००० | ० | ० | १०००० | ३२००० | ० | ० | ३२००० | -२२००० |
| १२ | MWASHCC बैठक तथा अभिमुखीकरण | ३७५०० | ० | ० | ३७५०० | ० | ० | ० | ० | ३७५०० |
| १३ | विद्यालयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्धन गर्न अभिमुखीकरण | ९०००० | ० | ० | ९०००० | ९०००० | ० | ० | ९०००० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | Food Composition Table गरी किशोरी तथा सु.ह.दि. परिवार लक्षित गरी वितरण गर्ने | १२५००० | ० | ० | १२५००० | १२४८६५ | ० | ० | १२४८६५ | १३५ |
| १५ | तरकारीको उन्नत विउ विजन वितरण | ६००००० | ० | ० | ६००००० | ६००००० | ० | ० | ६००००० | ० |
| १६ | पशुजन्य उत्पादन विविधिकरण तालिम | ३०००० | ० | ० | ३०००० | ३०००० | ० | ० | ३०००० | ० |
| १७ | किशोरी तथा सुनौला हजार दिनको घरपरिवारका सदस्यलाई पशुपंक्षीपालन सम्बन्धी तालिम सञ्चालन गर्ने | ६०००० | ० | ० | ६०००० | ६०००० | ० | ० | ६०००० | ० |
| **जम्मा** | | २८६३००० | ० | ७८००० | २९४१००० | २६६७३६५ | ० | ७८००० | २७४५३६५ | १९५६३५ |

## ८. बहुक्षेत्रीय पोषण योजनाका क्रियाकलापहरुको समग्र स्थिति तथा विस्तृत मूल्यांकन, प्रगतिको सारांश

बहुक्षेत्रीय पोषण योजनाले परिलक्षित गरेको नतिजा प्राप्त गर्न आर्थिक बर्ष २०७७/७८ मा यस परोहा नगरपालिकामा कार्यक्रम कार्यन्वयनका लागि ब.उ.शि.नं. ३६५००१०६ मा रु. २८६३००० बजेट रकम विनियोजन भए अनुरुप विभिन्न बिषयगत क्षेत्रहरुसंगको समन्वय, सहकार्य र नेतृत्वमा सफलतापूर्वक कार्यक्रम कार्यन्वयन गरि सम्पन्न गरिएको हो। बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन तथा कार्यन्वयन मार्गदर्शन, २०७७ अनुसार बिषयगत क्षेत्रहरुले अनिवार्य सञ्चालन गर्नु पर्ने क्रियाकलापहरुमा बिशेष जोड दिदै समय सापेक्ष र स्थानीय क्षेत्र तथा अनुकुलतालाई ध्यानमा राखी अन्य अतिरिक्त क्रियाकलापहरु समेत सञ्चालन गरिएको थियो। कार्यक्रम कार्यन्वयनको सन्दर्भमा बिद्यमान कोभिड-१९ को दोश्रो लहर आउनु भन्दा अगाडी सञ्चालन भएका तालिम गोष्ठी बाहेक अन्य तालिम गोष्ठीहरु सञ्चालन नगरी पोषणमा प्रत्यक्ष रुपमा प्रतिफल दिने किसिमका कार्यक्रमहरुलाई बिशेष जोड दिएइको थियो।

## ९. मुख्य सिकाईहरु

- खानाको प्रकारको बारेमा जानकारी हासिल भएको
- महिनावारी स्वच्छता तथा व्यवस्थापन सम्बन्धी जानकारी भएको
- प्रजनन स्वास्थ्यको बारेमा अवगत भएको
- पौष्टिक आहारको परिपूर्ति गर्न श्रोत साधन, बजार पहुँच तथा मागको आधारमा करेसाबारीमा तरकारी खेती गर्न सक्षम भएको
- पशुपालनबाट खाद्य सुरक्षाको परिपूर्ति गर्न सक्षम भएको
- पशुजन्य उत्पादनहरुको बजारीकरण प्रक्रियाको बारेमा जानकारी प्राप्त भएको
- झाडा पखाला, कोभिड-१९ लगायत अन्य विभिन्न सरुवा रोगहरुको रोकथाममा सहयोग गर्न साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्द्धनमा सहयोग पुग्ने
- पोषण भत्ता सदुपयोगको लागि स्याहारकर्ताहरुले ध्यान दिनु पर्ने पक्षहरुको बारेमा जानकारी भएको
- गर्भावस्थामा पोषणको परिपूर्ति गर्न पोषण युक्त खानाको प्रकार तथा गर्भावस्थामा गर्न हुने र नहुने कामहरुबारे जानकारी हासिल गरी सोही अनुसारको बानी विकास भएको
- कुपोषणबाट बच्ने उपायहरुको बारेमा जानकार भएको।

## १०. फोटोहरु




उन्नत जातजातका तरकारीको बिउ वितरण, वडा नं. २




उन्नत जातजातका तरकारीको बिउ वितरण, वडा नं. १




**करेसावारी तरकारी खेती तालिम, वडा नं. २**




**करेसावारी तरकारी खेती तालिम, वडा नं. १**




विद्यालयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्द्धन तालिम, वडा नं. ४




विद्यालयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्द्धन तालिम, वडा नं. ४




विद्यालयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्द्धन तालिम, वडा नं. १ र २




विद्यालयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्द्धन तालिम, वडा नं. ४




वडास्तरीय खाद्य सुरक्षा निर्देशक समितिको बैठक तथा क्रियाशिलता, वडा नं. ५



पशुपंक्षी पालन तालिम, वडा नं. ४




वडास्तरीय खाद्य सुरक्षा निर्देशक समितिको बैठक तथा क्रियाशिलता, वडा नं. ९




पोषण भत्ता सदुपयोगको लागि स्याहारकर्ता तालिम, वडा नं. ३



पोषण भत्ता सदुपयोगको लागि स्याहारकर्ता तालिम, वडा नं. ८




किशोरकिशोरीको लागि पोषण तथा प्रजनन स्वास्थ्य तालिम

## ११. आगामी आ.व. का लागि कार्यक्रम

| क्र.स. | विषयगत क्षेत्र | क्रियाकलापहरु | इकाई | प्रति इकाई मूल्य | जम्मा रकम | श्रोत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नेपाल सरकार | नगरपालिका | |
| १ | शासकीय प्रबन्ध | पोषण स्वंयसेवक, निर्वाह भत्ता प्रति महिना रु २०००० को दरले २६०००० (चाडपर्व खर्च समेत) सञ्चार खर्च ६००० र पोशाक भत्ता १०००० | १ | २७६००० | २७६००० | २७६००० | | |
| | | पोषण स्वंयसेवक थप निर्वाह खर्च पालिकाबाट | १३ | ६००० | ७८००० | ० | ७८००० | |
| | | वडास्तरीय पोषण तथा खा.सु.नि. समितिको बैठक तथा क्रियाशिलता | ९ | १५००० | १३५००० | १३५००० | | |
| | | पोषण भत्ता सदूपयोगको लागि स्याहारकर्तालाई अभिमूखिकरण प्रत्येक वडामा | ९ | २०००० | १८०००० | १८०००० | | |
| | | नगरस्तरीय पोषण तथा खा.सु.नि. समितिको बैठक तथा क्रियाशिलता अभिमूखिकरण | ३ | ३०००० | ९०००० | ९०००० | | |
| | | गर्भवती, सुत्केरी, स्तनपान गराइरहेका महिला तथा किशोरीहरु लगायतका पोषण सम्बन्धी तथ्यांक (प्रोफाइल) संकलन तथा अद्यावधिक गर्ने | ९ | १०००० | ९०००० | ९०००० | | |
| | | पोषण सम्बन्धी बिभिन्न अभियान, दिवस, सप्ताह, सुचना प्रवाह गर्ने | १ | ३०००० | ३०००० | ३०००० | | |
| २ | महिला तथा बालवालिका | पोषण सुधारको लागि विपन्न महिला सहकारी वा समूहमा आयआर्जनको लागि अनुदान | १ | ६२५००० | ६२५००० | ६२५००० | | |
| | | किशोर किशोरीलाई पोषण, प्रजनन स्वास्थ्य सम्बन्धि अभिमूखिकरण | ३ | २५००० | ७५००० | ७५००० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | किशोरीहरुलाई महिनावारी स्वच्छता, प्रजनन स्वास्थ्य तथा जीवन उपयोगी सीप तालिम सञ्चालन | ३ | २५००० | ७५००० | ७५००० | | |
| ३ | स्वास्थ्य | पोषण विशेष कार्यक्रम | १ | ३०००००० | ३०००००० | ३०००००० | | |
| ४ | शिक्षा | कक्षा १ देखि १० सम्मका विधार्थीहरुलाई जुकाको औषधी खुवाउने | ४१५० | १० | ४१५०० | ४१५०० | | |
| ५ | खानेपानी तथा सरसफाई | MWASHCC को गठन तथा अभिमूखिकरण | १ | ३७५०० | ३७५०० | ३७५०० | | |
| | | विद्यालयमा साबून पानीले हात धूने बानी व्यवहार प्रवर्धन गर्न अभिमुखीकरण | ४ | ३०००० | १२०००० | १२०००० | | |
| ६ | कृषि विकास | करेसाबारी तरकारी खेती तालिम | ३ | २५००० | ७५००० | ७५००० | | |
| | | तरकारीको उन्नत विउ विजन वितरण | १००० | ५०० | ५०००००० | ५०००००० | | |
| ७ | पशुपंक्षी विकास | पशुजन्य उत्पादन विविधिकरण तालिम | १ | २५००० | २५००० | २५००० | | |
| | | किशोरी तथा सुनौला हजार दिनको घरपरिवारका सदस्यलाई पशुपंक्षीपालन सम्बन्धी तालिम | १ | २५००० | २५००० | २५००० | | |
| **जम्मा** | | | | | **२७७८०००** | **२७०००००** | **७८०००** | |

## १२. विद्यालय खानेपानी तथा सरसफाई कार्यक्रम

| | |
|---|---|
| **विद्यालयको नाम** | श्री बह्म ज्योति मा.वि.,परोहा न.पा.-४, लौकाहा, रौतहट |
| **उपभोक्ता समितिको अध्यक्षको नाम** | पाँचु राय यादब |
| **अध्यक्षको सम्पर्क नं.** | ९८२१८५०२३४ |

# परोहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लौकाहा, रौतहट

प्रदेश नं. २, नेपाल